Samaj Anweshan  Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI :  https://doi.org/10.3126/anweshan.v3i1.81976
Research Article
ISSN:  3021-9035 Print

# असमानताबाट धार्मिक रूपान्तरण तर्फः सामाजिक विभेदले पारेको प्रभाव

**डा. लक्ष्मी थापा**
457laxmithapa@gmail.com

## लेखसार

मानव मात्रले पृथ्वीमा आफूलाई जीवित राख्नका लागि अर्थोपार्जन गर्नुपर्दछ। मानिसले बाँच्नका लागि गरिने गतिविधिलाई नै जीविकोपार्जन भन्छन्। यसका लागि श्रम गर्न स्रोत, साधन, पुँजी र रोजगारीका अवसरहरूको आवश्यकता पर्दछ। ती आवश्यक तत्त्वहरूमा हुने असमान वितरण र असमान पहुँचको सामाजिक अवस्थालाई असमानता भनिन्छ। यो असमानताको सामाजिक अवस्थाले मानिसको व्यक्तिगत र सामुदायिक पहिचानमा सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक ढङ्गले बहुयामिक प्रभाव पारेको हुन्छ। यो अनुसन्धानात्मक लेख सामाजिक असमानता र यसको बहुआयामिक प्रभावहरूमध्ये धार्मिक आस्था परिवर्तनमा असमानताले केकस्तो प्रभाव पारेको हुन्छ भन्ने कुरामा केन्द्रित रहेको छ । प्रस्तुत अनुसन्धानको विषयवस्तुसँग सम्बन्धित आवश्यक सङ्ख्यात्मक तथा गुणात्मक तथ्याङ्क सङ्कलन गर्नका लागि मिश्रित विधि अपनाइएको छ । तथ्याङ्कहरू अर्धसंरचित अन्तरवार्ता र अवलोकन विधिबाट सङ्कलन गरिएको छ। अनुसन्धानको नतिजाले के देखाउँछ भने सामाजिक स्तरीकरणको पिँधमा पर्ने व्यक्ति तथा समुदायका मानिसहरू आफ्नो परम्परागत ढङ्गको धार्मिक विश्वास र विचारमा परिवर्तन गरी नयाँ धार्मिक आस्थाप्रति आकर्षित भएको कुरा ३६% घरधुरी इसाई धर्ममा मोडिएको तथ्याङ्कले देखाउँदछ । विभेदपूर्ण सामाजिक व्यवहारमा ऐतिहासिक रूपले अपहेलित हुँदै बहिष्करणमा परेकाले जीविकोपार्जनका विविध अवसरहरूबाट पनि वञ्चित भएका व्यक्ति र समुदायहरू आत्मसम्मान र समानताको खोजीमा धार्मिक आस्थामै परिवर्तन गरेर नयाँ धार्मिक विश्वास सच्चाई, अनुग्रह तथा क्रिश्चियानिटी आदि विभिन्न नामका धार्मिक आस्थाप्रति आकर्षित भएको देखिन्छ। साथै परम्परागत तौरतरिकाको मूल्यमान्यता र रीतिरिवाजहरू तुलनात्मक हिसाबले झन्झटिलो र खर्चिलो हुने र नयाँ धार्मिक विचारधाराको अनुयायी बन्दा चाडबाड र नयाँ वर्ष आदिमा पाइने आर्थिक सहयोगका कारण पनि धार्मिक आस्था परिवर्तन गर्न थालेको कुरा अध्ययनले देखाउँछ।

## शब्दकुञ्जी

छुवाछुत, धार्मिक, विविधता, विश्वास, स्तरीकरण,

## विषय प्रवेश

सामाजिक असमानता बुझ्नुभन्दा अगाडि विविधता भन्ने शब्द बुझ्न जरुरी हुन्छ। विविधता भन्नाले शारीरिक, मानसिक तथा कार्यक्षमतामा हुने फरकपना भन्ने बुझिन्छ। यही विविधताका आधारमा उत्पादनको स्रोत, साधन तथा अवसरहरूमा हुने असमान पहुँचले गर्दा सृजना हुने सामाजिक अवस्था नै सामाजिक असमानता हो, जसले गर्दा समुदायमा बसोबास गर्ने मानिसहरूको  सामाजिक हैसियत, इज्जत, प्रतिष्ठा र पुँजी आदिमा असमान पहुँच रहेको हुन्छ। सामाजिक असमानताको उदाहरण विश्वव्यापी रूपमा पाउन सकिन्छ। जस्तै– भारतमा जन्मकै आधारमा असमान व्यवहारहरू हुने गर्छ। अमेरिकामा कालो वर्णको

मानिस, दक्षिण अमेरिकी मानिस (ल्याटिनो) र अल्पसङ्ख्यक समुदायले गोरा जनसङ्ख्याको तुलनामा थोरै पारिश्रमिक पाउने प्रवृत्ति रहेको छ। लिङ्गका आधारमा कुरा गर्ने हो भने महिलाहरूले समान प्रकृतिको काम गरे पनि पुरुषका तुलनामा थोरै पारिश्रमिक पाउने प्रवृत्ति नेपाल र भारत दुवै देशमा पाउन सकिन्छ।

सामाजिक असमानताका विभिन्न आयाम हुन्छन्। जस्तै– जातीय, लिङ्गीय, वर्गीय, राजनीतिक, शैक्षिक, क्षेत्रीय आदि, जसका आधारमा समुदायमा बसोबास गर्ने मानिसको सामाजिक हैसियत, इज्जत, प्रतिष्ठा, पुँजी, तथा अवसर आदिमा असमान वितरण रहेको हुन्छ। वास्तवमा कुरा गर्ने हो भने सामाजिक विभेद, आफ्नो पहिचानका विशेषताहरू भाषा, धर्म, जात, लिङ्ग, पेशा र संस्कृति आदि अरूको भन्दा उत्कृष्ट मान्ने र अरूका तिनै पहिचानका विशेषताहरूलाई कम महत्त्व दिने, अनि नकारात्मक र हेयको दृष्टिकोणले हेरी सोहीअनुसार व्यवहार पनि गर्ने गर्दा सामाजिक असमानता र विभेदले जन्म लिने गर्छ। जातीय व्यवस्थाको कुरा गर्ने हो भने नेपालमा बसोबास गर्ने मानिसहरूलाई हिन्दु वर्ण व्यवस्थाअनुसार ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र आदि चार तहमा स्तरीकृत गरेको पाइन्छ। यो सामाजिक स्तरीकरणमा समाजमा बसोबास गर्ने मानिसहरू स्तरीकृत मात्र भएका हुँदैनन्, अपितु स्तरीकणका साथै सामाजिक सम्बन्ध, अन्तर्क्रिया गर्ने परिपाटी, सामाजिक हैसियत, प्रतिष्ठा, विभिन्न अवसर र उत्पादनका स्रोत र साधनहरूमा हुने पहुँच आदिमा पनि असमानता विद्यमान रहेको हुन्छ। जस्तै– स्तरीकरणको सबैभन्दा उच्च स्थानमा रहने ब्राह्मण र क्षेत्रीहरूको सामाजिक प्रतिष्ठा उच्च रहेको हुन्छ भने सामाजिक स्तरीकरणको सबैभन्दा तल्लो तहमा रहने दलित जातिको सामाजिक हैसियत सबैभन्दा न्यून स्थानमा रहेको हुन्छ। यस्तो प्रकारको सामाजिक स्तरीकरणमा उच्च तहमा स्तरीकृत हुने वर्ग अशिक्षित, गरिब, असभ्य जस्तो भए तापनि कहिल्यै पनि सामाजिक स्तरीकरणको निम्न तहमा बस्नुपर्दैन भने स्तरीकरणको पिँधमा पर्ने व्यक्ति वा समुदाय शिक्षित, पुँजीपति वा क्षमतावान् जेजस्तो भए पनि कहिल्यै पनि स्तरीकरणको उच्चतहमा पुग्न सक्दैनन् अर्थात् ब्राह्मण शूद्र हुँदैन र जतिसुकै शिक्षित, सक्षम तथा सफल भए पनि शूद्र ब्राह्मण हुन सक्दैन। यस्तो असमानता मूलक समाजिक सम्बन्धले स्तरीकरणको सबैभन्दा तल्लो तहमा पर्ने समुदायका मानिसहरू व्यक्तिगत र सामूहिक रूपले दमित र शोषित हुन पुग्दछन्।

यसप्रकारको विविधतापूर्ण सामाजिक संरचनाका विशेषताहरू बोकेका मानव समुदायमा आफू र आफ्नो समुदायको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक आदि सबै खालका विशेषतालाई राम्रो मान्ने तथा विशेष खालको मान्ने तर अरू समुदायका विशेषताहरूलाई निम्न स्तरको मान्ने र कम महत्त्व दिने गलत मानसिक प्रवृत्तिले गर्दा समाजका अन्य समुदायलाई हेला गर्ने, हेप्ने र छुवाछुत गर्ने जस्ता अमानवीय व्यवहारहरू गरिन्छ। जसलाई आहुतीले संसारमा देखापरेका सबै जातीय समस्याहरूमध्ये क्रुर र मानवीय सत्त्वलाई हिनताग्रस्त बनाउने समस्याका रूपमा परिभाषित गरेका छन् (आहुती, २००४)। जसले गर्दा ती व्यक्ति र समुदायहरू राजनीतिक, आर्थिक र श्रम गर्ने विविध अवसरहरूमा पिछडिएका हुन्छन्। यो अनुसन्धानात्मक लेखले यही असमानताहरूको प्रभावका विविध आयामहरूमध्ये धार्मिक आयामबारे व्याख्या र विश्लेषण गर्ने प्रयास गरेको छ। यो लेखले पाठक वर्गलाई असमानताको प्रभाव धार्मिक आस्थासँग पनि जोडिएको हुन्छ भन्ने तथ्यमा आधारित रही व्याख्यात्मक विश्लेषण प्रस्तुत गरेको छ। सामान्यतः यो अनुसन्धान लेखले सामाजिक असमानताका कारणले धार्मिक विश्वास परिवर्तनमा कत्तिको प्रभाव पारेको हुन्छ भन्ने बारे व्याख्या र विश्लेषण गर्ने प्रयास गरेको छ। तथापि विशिष्ट रूपमा भन्ने हो भने यो अनुसन्धानका मुख्य दुई उद्देश्य रहेका छन्, ती सामाजिक असमानताका विद्यमान अवस्थाहरू र धार्मिक विश्वासमा असमानताले पारेको प्रभावहरू हुन्।

## *अध्ययनविधि*

अध्ययनको लागि छनौट गरिएको ५९८ घरधुरी सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपले विविधतापूर्ण विशेषता भएका जम्मा जनसङ्ख्या ५९८ लाई स्तरिकृत

गरिएको छ । त्यसपछि जनसङ्ख्याको बनोटअनुसार भारात्मक अनुपातमा नमुना घरधुरी छनौट गरिएको छ। ४० घर दलित र २० घर गैरदलित गरेर जम्मा ६० घरधुरीलाई अनुसन्धानका लागि नमुनाका रूपमा छनौट गरिएको छ। यी ६० घरधुरीमध्ये ३० घर ईसाइ/सच्चाई/अनुग्रह/चङ्गाई नामले परिचित धार्मिक विश्वास राख्ने घरधुरी छन् भने मुस्लिम २ घरधुरी, बौद्ध धर्म १० घर धुरी र बाँकी १८ हिन्दु धर्मावलम्बी रहेका छन् । प्राथमिक सूचनाहरू अर्धसंरचित अन्तर्वार्ता र अवलोकन विधिबाट र द्वितीय तथ्याङ्कहरू समुदायको अध्यक्षको सहयोगमा सूचनाको दस्तावेजबाट सङ्कलन गरिएको छ। अन्तर्क्रियाका लागि अनुसन्धानको उद्देश्यबारे पूर्व सूचना दिएर अनुमति लिएर उत्तरदाताहरूको उपलब्ध समय र स्थानअनुसार अन्तर्वार्ता सञ्चालन गरी आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको छ। प्रत्येक अनुसन्धानको आआफ्नै किसिमको महत्त्व रहेको हुन्छ। अनुसन्धानहरू आफैँमा महत्त्वपूर्ण र सान्दर्भिक रहेका हुन्छन् । यो अनुसन्धानात्मक लेखले नेपाली समाजमा विद्यमान रहेको सामाजिक असमानता र असमानताका विविध आयामलगायत असमानताका कारणहरू र असमानताले पारेको प्रभावबारे व्याख्या र विश्लेषण गरेको छ। यसले पाठकलाई नेपाली समाजको वास्तविक झलक तथा परिवर्तित सन्दर्भमा असमानताका प्रभावका रूपमा धर्म परिवर्तनलाई जोडेर बुझ्न मद्दत गर्नेछ।

## *सैद्धान्तिक पर्याधार*

सर्वव्यापी सामाजिक असमानताका बारेमा विभिन्न शास्त्रीहरूले व्याख्या र विश्लेषण गरेका छन्। यो सन्र्दभमा प्रसिद्ध जर्मन दार्शनिक कार्ल मार्क्स (१८१८) ले सामाजिक परिर्वतनको द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट व्याख्या गरेका छन्। मार्क्सका अनुसार भौतिक पदार्थ वा उत्पादनका स्रोत र साधनमा हुने असमान वितरण र पहुँचका कारणले समाज वर्गीय रूपले विभाजन हुने गर्दछ। ती दुई वर्ग स्रोत र साधनमा पहुँच भएका (Have Group) तथा नभएका (Have not Group) बिच द्वन्द्व हुन्छ र यो द्वन्द्वमा पहुँच नभएका श्रमिक वर्ग (Prolatrriate) को ठुलो सङ्ख्या हुने भएकोले सङ्घर्षमा विजय हुन्छन्। अनि समाजमा बसोबास गर्ने सबै मानिसहरूको उत्पादनका स्रोत र साधनमाथि बराबर पहुँच हुन्छ र समाज परिर्वतन हुन्छ; जुन समाज समानतामुलक (Egalitarian Society) हुने दृष्टिकोण राख्छन्। यो दृष्टिकोणले केही हदसम्म समाज परिर्वतनको कारण र असमान सामाजिक अवस्थाको कारकतत्त्वका रूपमा भौतिक वस्तुको असमान वितरण र असमान पहुँच बारे व्याख्या गर्छ। तथापि सामाजिक असमानताका जातीय, जनजातीय, लिङ्गीय, धार्मिक र सांस्कृतिक मूल्यमान्यतामा हुने असमान व्यवहारका बारेमा व्याख्या गरेको पाइँदैन। यसै सन्दर्भमा समाजशास्त्री म्याक्स वेभर (१९७८) को विश्लेषण सामाजिक असमानता केही वर्ग (Class) का आधारमा मात्र होइन, सामाजिक इज्जत (Social Prestige), हैसियत (Status) र शक्ति (Power) को आधारमा पनि विद्यमान रहेको हुन्छ भन्ने कुराको व्याख्या गरेका छन्, जसमा उनले मानिसको सामाजिक स्थिति उल्लेखित तीन पक्षहरूमा कस्तो छ भन्ने कुराले उसको जीवनका जिउने अवसरहरू (Life Chances) फरकफरक तत्त्वहरूले निर्धारण भएको हुन्छ भनेर व्याख्या गरेका छन्। वेभरको व्याख्यामा असमानताका कारकतत्त्व सामाजिक प्रतिष्ठा, हैसियत र शक्तिलाई मुख्य तत्त्वका रूपमा मानिएको छ। यद्यपि यसप्रकारको हैसियत र शक्तिमा हुने असमानताको सम्बन्धले हैसियत नभएका तथा वर्गीय स्तरीकरणको पिँधमा परेका समुदायहरूको मनोवैज्ञानिक सोचमा पर्ने असरसँग जोडेर व्याख्या तथा विश्लेषण भएको पाइँदैन। तर मानिसलाई जैविकीय प्राणीका रूपमा बुझ्दा इच्छा, आकाङ्क्षा र आवश्यकताका आधारमा मानिसहरूमा समान चाहाना भएको बोध हुन्छ।

यो सन्र्दभमा प्रकार्यात्मक सिद्धान्त (Funcitional Perspective) का प्रर्वतक ईमाइल दुर्खिम (१८९३) र टालकट पार्सन (१९५१) को विचारलाई जोडेर हेर्दा सामाजिक असमानता समाजिक निरन्तरताको प्रक्रिया सुनिश्चित गर्न आवश्यक अवस्थाका रूपमा व्याख्या गर्छन्। उनीहरूका अनुसार समाजमा केही भूमिकाहरू अन्यभन्दा

धेरै महत्त्वपूर्ण र सिपमूलक हुन्छन्, जसले गर्दा ती भूमिका निर्वाहाकर्तालाई धेरै पुरस्कार र सामाजिक हैसियत दिइन्छ। तर यो दृष्टिकोणले विद्यमान सामाजिक असमानतालाई न्यायोचित देखाउने हुँदा यो सिद्धान्तको आलोचना पनि गरेको पाइन्छ।

यस सन्दर्भमा सोल्ट र ग्रान्टले २०११ मा प्रस्तुत गरेको आर्थिक असमानता सापेक्ष शक्ति र धार्मिकता नामक शीर्षकको अध्ययनले के देखाउँदछ भने जब कुनै समाजमा जुन अनुपातमा आर्थिक असमानता बढ्छ; त्यही अनुपातमा मानिसहरूको धार्मिक आस्थामा पनि वृद्धि हुन्छ। धनी वर्गका मानिसहरू धर्मप्रति झन् धेरै आकर्षित हुने अवस्था हुन्छ। किनकि धनीहरू धर्ममार्फत सामाजिक र सांस्कृतिक मान्यतालाई नियन्त्रण गर्ने अवसरका रूपमा प्रयोग गर्न अझ बढी धार्मिक हुने गर्दछन् भने गरिब र पीडित वर्गहरू कष्ट र पीडा सहन सान्त्वनाको स्रोतका रूपमा अझ धेरै धर्मप्रति आर्कषित हुन्छन्। यो सिद्धान्तले सामाजिक असमानता धर्मसँग पनि जोडिएको हुन्छ भन्ने कुराको राम्रो व्याख्या गर्दछ।

उल्लेखित सिद्धान्तहरूको व्याख्याको आशयअनुसार मानव समाज विभिन्न तत्त्वका आधारमा असमानतामूलक सम्बन्धको जालोका रूपमा रहने स्पष्ट हुन्छ। तर यस्तो असमानताको अवस्थाले समाजमा हेपिएका, पिछडिएका र सामाजिक हैसियत न्यून रहेकाहरूको धर्मप्रतिको आस्था परिवर्तनबारे खासै व्याख्या गर्दैन। यसले के देखाउँदछ भने विद्यमान परिस्थितिमा भइरहेको धर्म परिवर्तनमा असमानताको प्रभाव कुन हदसम्म परेको छ भन्ने बारे स्पष्ट धारणा पाइँदैन। प्रस्तुत लेखले माथि उल्लेखित दृष्टिकोण आत्मसात् गर्दै मानव समुदाय असमानतामूलक सामाजिक अवस्थामा मात्र नरहेर त्यो असमानताले व्यक्ति र समूहको पहिचानमा पनि बहुआयामिक प्रभाव पारेको हुन्छ भन्नेबारे व्याख्या गर्ने प्रयास गरेको छ। यसबाहेक नेपाली समाजमा भइरहेको धार्मिक आस्थाको परिवर्तन पनि यही सामाजिक असमानतासँग जोडिएको हुन सक्ने कुरामा यो अध्ययन केन्द्रित रहेको छ।

## *सामाजिक असमानताका कारणहरू*

प्रकृतिले हरेक मानिसलाई शारीरिक, मानसिक र बौद्धिक क्षमताका आधारमा विविधतापूर्ण विशेषता भएको प्राणीका रूपमा रचना गरेको छ। यही विशेषताहरूका आधारमा हरेक मानिसले आफ्नो वरिपरिको वातावरणसँग अन्तर्क्रिया गरेर जीविकोपार्जनका स्रोत र साधन जुटाएर गुजारा गरेको हुन्छ। यो प्रक्रियालाई प्राकृतिक हावापानी, वातावरण तथा भौगोलिक बनावटले अधिकतम प्रभाव पारेको हुन्छ। यसरी आफ्नो पर्यावरणअनुसार आफूलाई अनुकूलन गर्दै जाँदा विविधतापूर्ण सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विशेषता भएका मानव समुदायको विकास हुन्छ। जस्तै चिसो हावापानी, कठिन भौगोलिक बनावटमा बस्ने मानिसहरू बक्खु, डोचा लगाउने, गोठ र गोठालो तथा ऋतुअनुसार जाडो मौसममा हिमाली भागको तल्लो क्षेत्रमा बस्ने, गर्मी सुरु भएपछि पुनः उपल्लो भागमा बसोबास गर्न जानेजस्तो अस्थायी बसाइँसराइको संस्कृति भएको सामुदायिक पहिचान बनाएका शेर्पा समुदाय हुन्छन् भने सामुद्रिक किनारा भएको भौगोलिक वातावरणमा बस्ने मानिसहरू माछा मार्ने, जाल बुन्ने, डुङ्गा ख्याउने, पानीमा पौडी खेल्न जान्नेजस्ता छुट्टै विशेषता भएको सामुदायिक पहिचान बनाएका हुन्छन्।

यसैगरी पहाड, समथर मैदान, भित्री मधेश तथा उर्वरभूमिजस्ता विविधतापूर्ण भौगोलिक वातावरणमा बसोबास गर्ने मानिसहरूको सामाजिक संरचना, संस्कृति, मूल्यमान्यता आदि विविधतापूर्ण रहेको हुन्छ। यो प्राकृतिक नियम हो। आफ्नो वरिपरिको वातावरणसँग समायोजन गरी जीविकोपार्जन गर्न नसक्ने हो भने कुनै पनि जीवित प्राणीलाई आफ्नो अस्तित्व जोगाउन गाह्रो हुन्छ। यसका साथै जीविकोपार्जनका लागि आवश्यक स्रोत र साधनबाट आफू र आफ्नो समूहबाहेक अरूलाई वञ्चित गर्ने परिपाटी सृजनाले समाजमा सामाजिक सम्बन्धहरू असमानतापूर्ण रहेको हुन्छ। यसरी असमानता निर्धारण गर्ने तत्त्वहरूका रूपमा प्रकृतिको विविधतापूर्ण रचनाहरू तथा मानवजन्य आफू र आफ्नो पहिचानका विशेषतालाई धेरै महत्त्व दिने अनि फरक समुदाय र भिन्न पहिचानका विशेषताहरूलाई

थोरै महत्त्व दिएर हेलाको दृष्टिकोणले हेर्ने गलत प्रवृत्तिलाई असमान सामाजिक अवस्थाको कारकतत्त्वको रूपमा लिन सकिन्छ। यस सन्दर्भमा नमुना छनोट गरेर अन्तर्क्रिया गरेका एक उत्तरदाता भन्छन्–

आफ्नो परम्परागत ढङ्गको मौलिक परम्परा भनेर के गर्नु ठुला जातिको घरभित्र पस्न, सँगै खान, बस्न सम्भव हुँदैन । सधैँ अछुत जाति, दमित र शोषित भएर कति बस्नु? यो सच्चाई/ चङ्गाईमा लागेपछि दीर्घ रोगी थिए, म सन्चो भएको छु। ठुला जातिहरू भन्नेसँग पनि सँगै बसेर भोजभतेर खान पाइन्छ; छोइछिटो हाल्नु पर्दैन क्यारे (सरद नेपाली, व्यक्तिगत अन्तर्वार्ता, १७ चैत्र, २०८१)

उल्लेखित भनाइले सामाजिक असमानताका थुप्रै व्यवहारहरू उजागर गर्दछ। ठुला जातिको घरभित्र पस्न नपाइने, सँगै बसेर खान पनि नपाइने भन्ने वाक्यले मान्छे सामाजिक प्राणी भएकाले, आत्मसम्मान खोज्ने, समूहमा रमाउने जीव भएको कुरा प्रस्ट्याउँछ भने विनाकारण जन्मकै आधारमा गरिने सामाजिक विभेदप्रति ऊ खुसी छैन भन्ने कुरा पनि उल्लेखित 'सधैँ अछुत जाति, दमित र शोषित भएर कति बस्नु?' भन्ने कुराले स्पष्ट पार्दछ। यसमा आहुतिको लेखको शीर्षकसँगै लेखिएको 'रगत चल्छ, सिप चल्छ तर पनि किन हाम्रो पानी चल्दैन ?' (आहुती, २००४) भन्ने भनाइको दुई हरफबाट पनि हिन्दु वर्ण व्यवस्थाको पुछारमा पर्नेहरू मनोवैज्ञानिक रूपमा कति पीडित छन् भन्ने कुराको आभास गराउँछ।

यसका साथै नयाँ धार्मिक विश्वासतिर मोडिनुको कारण आत्मसम्मान, समान व्यवहार, आफू तथा आफ्ना समुदाय पनि अन्य व्यक्ति तथा समूह सरह नै रहेछौँ भन्ने चेतनाको अभिवृद्धि गराउने धार्मिक संस्थाप्रति आकर्षित भएको बुझ्न सकिन्छ। यति मात्र नभएर कुराकानीको क्रममा आर्थिक पाटोबारे छलफल गर्दा त्यति खुल्न नसके पनि अध्ययन क्षेत्र टोलका तीन जना व्यक्तिहरूलाई करिब ३ आना जग्गामा घर बनाइदिएको कुरा तथा अङ्ग्रेजी नयाँ वर्ष र क्रिसमसको उपलक्ष्यमा उपहारस्वरूप खाद्यान्न र मिठाईहरू प्राप्त गर्ने कुराले के देखाउँछ भने नयाँ धर्मप्रति आस्था बढ्नुको कारण सामाजिक असमानता मात्र नभएर आर्थिक पाटोसँग पनि जोडेर हेर्नुपर्ने कुराको बोध गराउँछ। यो कुराकानीबाट प्राप्त सूचनालाई त्यहाँको क्रिश्चियन धर्मका विभिन्न स्वरूपहरू सच्चाई/ अनुग्रह/ चङ्गाई आदि नामक संघसंस्थामा आबद्ध हुनुले पनि पुष्टि गर्न गर्दछ।

## *सामाजिक असमानताको आयामहरू*

सामाजिक असमानताको आयामहरू भन्नाले मानव जीवनका विभिन्न पक्षहरूलाई जनाउँछ, जहाँ असमानता अनुभव गरिन्छ। जस्तै– जातीय, जनजातीय, क्षेत्रीय, वर्गीय, शैक्षिक तथा लैङ्गिक असमानता आदि। यी आयामहरूले असमानताका विभिन्न स्वरूपले कसरी कार्य गर्दछन् भन्ने बुझ्न मद्दत गर्दछ। जातीय असमानताको कुरा गर्ने हो भने नेपाल हिन्दु वर्ण व्यवस्थामा आधारित सामाजिक संरचना रहेको समाज हो। जहाँ समुदायका मानिसहरूलाई विभिन्न चार जातमा विभाजन गरिएको हुन्छ। विभाजित चार जातिमा सबैभन्दा तल्लो तह वा पिँधमा पर्ने जाति जन्मकै आधारमा अछुत, दलितका रूपमा पहिचान गरिएको हुन्छ। जो शिक्षा, रोजगारी वा सार्वजनिक स्थानहरूमा बहिष्करणमा परेका हुन्छन् भने सबैभन्दा माथि पर्ने जाति जन्मकै आधारमा माथिल्लो सामाजिक हैसियत भएको जात मानिन्छ। यस्तो किसिमको जातमा आधारित रहेर गरिने व्यवहार असमानताको जातीय आयाम हो। यसैगरी धन, रोजगारी, आर्थिक स्रोत, साधनमाथिको असमान पहुँच सामाजिक असमानताको आर्थिक आयाम हो। नेपाली समाज हिन्दु वर्ण व्यवस्थामा आधारित पितृसत्तात्मक संरचना भएको समाज हो, जहाँ एउटै प्रकृतिको काम गरेर पनि असमान ज्याला वितरण गरिन्छ। महिलाहरू महिला भएकै कारण घरायसी काम बढी गर्नुपर्ने तथा पुरुषहरू पुरुष भएकाले पैतृक सम्पत्तिको हकदार हुनु असमानताको लिङ्गीय आयाम हो। बसोबास गर्ने भूगोल, भाषा, संस्कृति, भेषभूषा तथा रहनसहनमा हुने विविधताका आधारमा गरिने भेदभावपूर्ण दृष्टिकोण र व्यवहार असमानताको जनजातीय पक्ष हो। जातीय असमानताको कुरा गर्ने हो भने हिन्दु वर्ण व्यवस्थाअनुसार नेपाली समाजलाई चारोटा श्रेणीमा विभाजन गरेको पाइन्छ। जस्तै– पुरोहित ज्ञान र

शिक्षा आर्जनको श्रम गर्नेलाई ब्राह्मण, सैनिक र प्रशासकीय श्रम गर्नेलाई क्षेत्री, पशुपालन, खेती र व्यापार गर्ने वैश्य तथा शिल्पकारी र सेवाको श्रम गर्नेलाई शूद्रमा श्रेणीबद्ध गरिएको पाइन्छ।

## *असमानताका सामाजिक आर्थिक तथा सांस्कृतिक प्रभावहरू*

जातीय व्यवस्थाको प्रभाव मानिसको जीवनमा अत्यन्तै गहिरो हुन्छ। म को हुँ, मलाई समुदायले कसरी पहिचान गर्छ र मैले अरू व्यक्ति र समुदायलाई कसरी चिन्दछु? भन्ने कुराको जातीय व्यवस्थासँग घनिष्ठ सम्बन्ध रहेको हुन्छ। जन्मेकै आधारमा कुनै गलत ढङ्गको असामाजिक गतिविधि नगर्दा पनि आफू र आफ्नो समुदाय सामाजिक संरचनाको तल्लो तहमा पर्नु, उनीहरूले प्रायः विभेदको सामना गर्नु, स्रोतसाधनहरूमा सीमित पहुँच र शिक्षा, रोजगार तथा स्वास्थ्य सेवामा कम अवसर प्राप्त गर्नुजस्ता विभेदपूर्ण व्यवहारको वास्तविकता विद्यमान अवस्थामा पनि देख्न र अनुभव गर्न सकिन्छ। यो कुरा अध्ययनका लागि छनोट भएका ६० घरधुरीको जनसङ्ख्यामा आम्दानीको स्रोतका रूपमा घर ढलानमा जाने तथा प्रति व्यक्ति रु. ८०० पाइने घरधुरी ७०% तथा वैदेशिक रोजगारमा जाने ३०% जसमा श्रमिकहरू मलेसिया र कतारमा मात्र सीमित रहेको देखिन्छ। सोही बस्तीमा इसाई धर्मका पास्टरहरूद्वारा सञ्चालित स्कुलमा समेत उपल्लो जातको ब्राह्मण समुदायका शिक्षकले जागिर पाएको उदाहरणले त्यो समुदाय आर्थिक रूपले विपन्न तथा रोजगारीका अवसरहरूबाट वञ्चित रहेको कुरा देखाउँछ।

अझै स्पष्ट रूपमा भन्नुपर्दा यसप्रकारको सामाजिक विभेदले गर्दा जटिल प्रकृतिका विभेदहरू पनि सहनुपर्ने परिस्थिति सृजना भएको देखाउँछ। जस्तै– सामाजिक बहिष्करण र दुर्व्यवहारका कारण न्यून आत्मसम्मान, आन्तरिक हीनताको भाव वा मानसिक चोटको सामना गर्नुपर्ने हुँदा मानसिक रूपमा सम्बन्धित व्यक्ति र समुदाय प्रभावित भएका हुन्छन्। रोजगारीको अवसरमा विभेदको सिकार हुनु, परम्परागत न्यून ज्यालामा काम गर्नुपर्ने बाध्यात्मक अवस्थाको सामना गर्नु आदि आर्थिक पक्षमा असमानताका प्रभावहरू हुन्। यसैगरी गुणस्तरीय शिक्षा हासिल गर्नबाट वञ्चित हुनु, विद्यालयहरूमा दुर्व्यवहारको सिकार हुनुपर्ने आदि आफ्नो व्यक्तिगत र सामूहिक पहिचान लुकाउनुपर्ने गरी सांस्कृतिक दमन सहन गर्नुपर्ने अवस्था सामाजिक असमानताको सांस्कृतिक प्रभाव हो। तथ्याङ्क सङ्कलनको क्रममा दलित समुदायका महिलाहरूले हजुरको नाम के हो भनेर प्रश्न गर्दा अगाडिको नाम सुन्ने गरेरै भन्ने तर पछाडिको थर यदि दलित छ भने बिस्तारै कानको नजिकै आएर भन्ने जस्तै– कमला...सार्की। यस्तो प्रकारको व्यवहार सामाजिक असमानताकै उपज हो। यसर्थ सामाजिक असमानताको असर सम्बन्धित व्यक्तिहरूको व्यक्तिगत र सामूहिक पहिचानमा बहुआयामिक ढङ्गले परेको हुन्छ भन्न सकिन्छ।

## *तथ्याङ्कको व्याख्या तथा विश्लेषण*

धर्मका आधारमा नमुना घरधुरीको विवरण तल प्रस्तुत गरिएको तालिका विवरणबाट बुझ्न सकिन्छ–

***तालिका-१***

***धर्मको आधारमा नमुना घरधुरीको विवरण***

| क्र.सं | धर्मको विवरण | घरधुरी |
|---|---|---|
| १ | ईसाइ | ९ |
| २ | सच्चाई/अनुग्रह/चङँगाई | १३ |
| ३ | मुस्लिम | २ |
| ४ | बौद्ध | १० |
| ५ | हिन्दु | २६ |
| | जम्मा | ६० |

***स्रोतः कार्यक्षेत्र अध्ययन, चैत्र २०८१***

छनोट भएका नमुना घरधुरीलाई धर्मका आधारमा विभाजन गरी विश्लेषण गर्दा अध्ययनका लागि छनोट गरिएका जम्मा ६० घरधुरीमा ३६% घरधुरी इसाई धर्ममा मोडिएको तथ्याङ्कले देखाउँछ। यसमा दलित समुदायको बाहुल्यता (१७ घरधुरी) देखिन्छ। उनीहरू सच्चाई, अनुग्रह, चङ्गाई आदि नामको संस्थामा आबद्ध रहेको तथ्याङ्कले

देखाउँछ। यद्यपि उक्त संस्थाहरूमा के गर्नुहुन्छ भनेर प्रश्न गर्दा हप्तामा शनिबारका दिन चर्चमा ४०० भन्दा बढी सङ्ख्यामा मानिस जम्मा हुने र ईश्वरीय तागतको व्याख्या र वर्णन हुने बताउँछन्। अनौठो कुरा के छ भने उनीहरूले फरकफरक आस्थाका रूपमा अनुग्रह, चङ्गाई, सच्चाई आदि भने तापनि पढ्ने बेलामा बाइबलै पढ्ने गरेको कुरा जानकारी गराउँदछन्।

यो उल्लेख्य मात्रको जनसङ्ख्या वृद्धिमा महत्त्वपूर्ण कुरा के छ भने उनीहरू सच्चाई, अनुग्रह, चङ्गाईमाथिको आस्था क्रिश्चियानिटी होइन भन्दछन्। यसमा चुरापोते लगाउन मिल्ने तथा जन्म, मृत्यु संस्कारहरू सबै आफ्नो परम्परागत ढङ्गले हुने बताउँछन्। यसले के देखाउँछ भने सुरुमा यो धर्मका प्रचारकहरूले नयाँ अनुयायी समेट्नका लागि फरकफरक नाम धारण गरेर आकर्षण गर्ने प्रयास गरेको देखिन्छ। यी विभिन्न आस्थाको मूलधर्म क्रिश्चियानिटी नै हुन्छ भन्ने कुरा शिक्षाको कमीले हुन सक्छ। आस्था मोडेका मानिसहरू सचेत भएको देखिँदैन। यसको अर्को पक्षलाई हेर्ने हो भने सबैभन्दा महत्त्वपूर्ण आर्थिक कारण देखिन्छ। झुपडीमा बसोबास गर्ने पाँच घरधुरीको करिब ३ आना जग्गामा सच्चाईका पाष्टरहरूले घर बनाइदिएको, पाँचोटै टोलमा जम्मा गरी ४५ ओटा शौचालय निर्माण गरेको सूचनाले के देखाउँछ भने धार्मिक आस्था परिवर्तन गर्नुमा आर्थिक कारणले पनि भूमिका खेलेको छ। यसका साथै परम्परागत ढङ्गको सामाजिक संरचनामा सबैभन्दा पुछारमा पर्ने, आर्थिक, सामाजिक, शैक्षिक आदि हरेक दृष्टिकोणले पिछडिएका समुदाय समान व्यवहार, आत्मसम्मान पाइने सामाजिक वातावरण तथा आर्थिक सहयोगको मोहमा परेर आफ्नो परम्परा छोड्न थालेको कुरा तथ्यले देखाउँछ। तल प्रस्तुत गरिएको तालिकाबाट जातीयताका आधारमा नमुना घरधुरीको विवरण बुझ्न सकिन्छ–

***तालिका-१***

***जातीयताका आधारमा नमुना घरधुरीको विवरण***

| क्र.सं | जातीय विवरण | घरधुरी |
|---|---|---|
| १ | मुस्लीम | २ |
| २ | राई | २ |
| ३ | मगर | ५ |
| ४ | ब्राह्मण | ३ |
| ५ | गुरुङ | १३ |
| ६ | दलित | ३५ |
| | जम्मा | ६० |

***स्रोतः कार्यक्षेत्र अध्ययन, चैत्र २०८१***

माथि प्रस्तुत गरिएको तालिकाले सबैभन्दा बढी घरधुरी दलितहरूको रहेको देखाउँछ। नमुना घरधुरीको यो जनसङ्ख्याको बनावटमा दलितहरूको घरधुरी बढी हुनुमा वरपरका छिमेकी जिल्ला बाग्लुङ, स्याङजा, तनहुँ, लमजुङ तथा कास्की आदिमा बसोबास गर्ने शिल्पी दलितहरू आफ्नो परम्परागत ढङ्गको सिलाइकटाइ गर्ने रोजगारी पनि पाइने र गाउँघरमा भोगिरहेको सामाजिक विभेदको अवस्थाबाट छुटकारा पाउने अभिप्राय रहेको देखिन्छ। सहरको छेउछाउ बसाइँ सर्ने क्रममा झुपडीका बासिन्दा हुन पुगेको कुरा अन्तर्वार्तामा सहभागी विगत ३१ वर्षदेखि बसोबास गरिरहेको एक उत्तरदाताले जानकारी गराए। यसमा सबैभन्दा कम घरधुरी सङ्ख्यामा तामाङ र मुसलमान देखिनुको कारण तामाङहरूको मुख्य थलोभन्दा पोखरा टाढा पर्ने भएर हुन सक्छ र परम्परादेखि बसिआएका पहाडी इलाकामा बसोबास गर्ने मुसलमानहरूले व्यापारका क्रममा झुपडीमा पुगेको कुरा अन्तर्वार्तामा बताएका छन्।

## *निष्कर्ष*

कुनै पनि मानिस रहरले सुकुम्बासी भएर झुपडीको समाजमा बस्न चाहँदैन। उसलाई सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र मनोवैज्ञानिकजस्ता तत्त्वहरूले त्यो परिस्थितिमा पुऱ्याएको हुन्छ। वास्तवमा मानव समाज मानिसद्वारा निर्माण गरिएको यस्तो संरचना हो, जहाँ मानिस आफ्नो जीवन अर्थपूर्ण ढङ्गले व्यवस्थित र सुरक्षित भएर बाँच्न र फस्टाउन सक्छ। तथापि शारीरिक, मानसिक र कार्यक्षमताका विविधतासहित हरेक मानव समाज असमानतापूर्ण नै रहेको हुन्छ। यो असमानताको अवस्थालाई उपयोग गरेर मनोवैज्ञानिक ढङ्गले असर पार्ने गरी हिन्दु वर्ण व्यवस्थाअनुसार परम्परादेखि गरिआएको विभेदपूर्ण सामाजिक व्यवहारमा

अपहेलित र बहिष्करणमा परी जीविकोपार्जनका विविध अवसरहरूबाट पनि वञ्चित भएका व्यक्ति र समुदायहरू आत्मसम्मान तथा समानताको खोजीमा धार्मिक आस्थामा नै परिवर्तन गर्न थालेको कुरा ३६% घरधुरी इसाई धर्ममा मोडिएको तथ्याङ्कले देखाउँदछ। ती विभेदित व्यक्ति तथा समुदायहरू नयाँ धार्मिक आस्थामा प्रवेश गर्दा समानता, आत्मसम्मान तथा प्रत्यक्ष रूपले आर्थिक सहयोगसमेत पाइने हुँदा पनि आफ्नो परम्परागत ढङ्गको विश्वास परिवर्तन गरी नयाँ धार्मिक विश्वास सच्चाई, अनुग्रह तथा क्रिश्चियानिटी आदि विभिन्न नामका धार्मिक आस्थाप्रति आकर्षित भएको देखिन्छ। यसका साथै सहरीकरण तथा विश्वव्यापीकरणले गर्दा ल्याएको उपभोक्तावादले गर्दा मानिसहरू आत्मकेन्द्रित हुन थालेका छन्, जसमा परम्परागत ढङ्गको मूल्यमान्यता सामूहिकतामा हुने व्यवहारहरू झन्झटिलो र खर्चिलो हुन थालेको छ । तुलनात्मक हिसाबले इसाई धर्मका मूल्यमान्यता र संस्कारहरू सङ्ख्यात्मक हिसाबले थोरै प्रक्रियात्मक हिसाबले छरितो र आर्थिक हिसाबले कम खर्चिला छन् । यी झन्झटिला परम्पराहरू र सामूहिक अन्तर्क्रियात्मक गतिविधिबाट टाढा रहनका लागि पनि आस्था नै परिवर्तन गर्न थालेको देखिन्छ। आफूलाई सुविधा, सजिलो र आफ्नो हिसाबले चल्न, ढल्न र बस्न त्यो तहको स्वतन्त्रता पाइने हुँदा पनि विभिन्न धार्मिक अनुष्ठानका रूपमा देखापरेका सच्चाई, अनुग्रह, चङ्गाई आदि नामका धार्मिक विश्वासप्रति अध्ययन क्षेत्रका बासिन्दाहरू तीव्र रूपमा समावेश हुन थालेको देखिन्छ। यसर्थ परम्परागत ढङ्गका विभेदपूर्ण सामाजिक मूल्यमान्यता व्यवहारलाई कानुनी दस्तावेजहरूमा मात्र संशोधन नगरी उदार हृदयले व्यवहारिमा नै विविधतापूर्ण रहेको नेपाली समुदायका प्रत्येक सदस्यहरूले समतामूलक र न्यायोचित ढङ्गले  व्यवहार गर्ने तथा आफूभन्दा फरक समुदायका सांस्कृतिक विशेषताहरूलाई पनि सम्मान गर्दै सामाजिक रूपले एकताबद्ध हुनु नेपालीहरूको दायित्व बनेको छ। यसले धार्मिक आस्थाको तीव्र परिवर्तनलाई रोक्नसमेत मद्दत गर्नेछ।

## *सन्दर्भ सामग्रीसूची*


अधिकारी, रम्भा। (२०७९). 'नेपालीदलित समुदायका समस्या र साहित्यमादलित दृष्टि'. *हैमप्रभा  जर्नल.* अङ्क : २१, २०७९ पृ. १९६।

आहुति (२०६७). *नेपालमा वर्ण व्यवस्था र वर्गसङ्घर्ष.* (सं. राजेन्द्र महर्जन). ललितपुर : समता फाउण्डेसन, ललितपुर ।

चापागाइँ, बी. । (२०७६). 'नेपालमाजातीयता र बर्ग-संघर्ष, ऐतिहासिकविकासक्रममा समानता र शान्तिप्रक्रियामा बहस र अभ्यास'  *विकल्प साप्ताहिक.*।

दुरखिम, ई.  (१९८४). *द डिभिजन अफ लेवर इन सोसाईटी.*  लन्डन : म्याकमिलन लिमिटेड ।

पार्सन्स, टि.  (१९५१). *सामाजिक प्रणाली* . सिकागो : फ्रि प्रेस।

प्रश्रित, मोदनाथ  (२०६३). 'मानवताको कलङ्क : जातपात र छुवाछुत प्रथा, राज्यको पुनः संरचनामा दलित सहभागिता'. (सं. प्र.  विद्यानाथ कोइराला, राजन खड्का र राजकुमार) पृ.७०-९८

बेकर, एल, थेरेसे (१ ९९९). *डुइङ सोसल रिसर्चः.* सिङ्गापुर : म्याक्ग्रिउहिल बुक कम्पनी।

वेबर, म. (१९७८). *अर्थतन्त्र र समाजः व्याख्यात्मक समाजशास्त्रको रूपरेखा.* (सं. जी. रोथ र सि. विटिच). (अनु. ई. फिस्चोफ आदि).  युनिभर्सिटी अफक्यालिफोर्निया प्रेस।

मार्क्स, के.  (१९८१). *क्यपिटलः अ क्रिटिक अफपोलिटिकल ईकोनोमी.* पेन्गुईन क्लासिक।

................... (२०१६). 'धर्म र असमानताः कल्याणकारी राज्यको विकासमाधार्मिक परम्परा र संस्थाहरुको दिर्घकालीन प्रभाव' *युरोपियन पोलिटिकल साईन्स, रिभ्यु.* खण्ड ८, अङ्क १, फेब्रुअरी पृष्ठ २५-४८ ।

सोल्ट, एफ., हेवेल पी.र  ग्रान्ट, जे.टी. (२०११). *आर्थिक असमानता, सापेक्ष, शक्ति, र धार्मिकता.* काठमाडौं : सोसियल साईन्स बाहा।

होफर, अन्द्रास (२००४). *नेपालमा जातीय श्रेणी क्रम र राज्यः १८५४ को मुलुकी ऐनको अध्ययन.* (दोश्रो संस्करण). हिमाल बुक।